गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
**कृषि ज्ञान केन्द्र, कास्की**
गण्डकी प्रदेश, नेपाल

फोन नं: ०६१-४५१२५०
ईमेल: akckaski2077@gmail.com
वेबसाईट: kaski.akc.gov.np

पत्र संख्या:२०८२/८३
चलानी संख्या: २८

## उत्कृष्ट कृषक पुरस्कारको लागि आवेदन पेश गर्ने सम्वन्धि सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८२/०४/३०)

यस कृषि ज्ञान केन्द्र ,कास्कीको आ.व. २०८२/०८३ को बार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत "उत्कृष्ट कृषकलाई पुरस्कृत गर्ने" कार्यक्रम रहेकोले यस कास्की जिल्ला भित्रका कृषि , पशु तथा मत्स्य पालन गर्दै आउनुभएका कृषक, कृषि फर्म / कम्पनि , कृषक समूह तथा कृषि सहकारी संस्था मध्यवाट ४ वटालाई जिल्लास्तरीय उत्कृष्ट कृषक पुरस्कार प्रदान गरिने व्यवस्था भएकाले उत्कृष्ट कृषि पुरस्कार सम्वन्धि मापदण्ड ,२०७९ अनुरुपको योग्यता पुगेका ईच्छुक आवेदकले सूचना प्रकाशन भएको मितिले ३० दिन (२०८२/०५/२९ गते) भित्र कृषि ज्ञान केन्द्र कास्की , वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र , कास्कीमा तपसिलका कागजात संलग्न गरि आवेदन पेश गर्नुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

- आवेदकको न्यूनतम पेशागत योग्यता उत्कृष्ट कृषि पुरस्कार सम्वन्धि मापदण्ड ,२०७९ को अनुसूची -१ बमोजिम हुनेछ ।कार्यक्रम सम्वन्धि थप जानकारीको लागि यस केन्द्रको वेबसाईट https://kaski.akc.gov.np/ वाट' उत्कृष्ट कृषि पुरस्कार सम्वन्धि मापदण्ड ,२०७९' डाउनलोड गरि हेर्न सकिनेछ ।
- मापदण्डको अनुसूची -२ बमोजिमको निवेदन र अनुसूची -३ बमोजिमको विवरण ।
- कृषि फर्म/ कम्पनि , कृषक समूह तथा सहकारी संस्थाको हकमा दर्ता/स्थापना सम्वन्धि कागजातको प्रतिलिपि, नविकरण गर्नुपर्ने भएमा नविकरण प्रमाणपत्रको प्रतिलिपि, गत आ.व.को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि र स्थाई लेखा नं प्रमाणपत्रको प्रतिलिपि ।
- व्यक्तिगत कृषकको हकमा निजको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र स्थायी लेखा नं प्रमाणपत्रको प्रतिलिपि ·।
- पुनश्च : पशुपन्छी तथा मत्स्य पालन गर्नेको हकमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कास्कीमा पनि आवेदन पेश गर्न सकिनेछ ।

थप जानकारीको लागि सम्पर्क :
कृषि ज्ञान केन्द्र , कास्की
फोन नं : ०६१-४५१२५०, ९८५६०२८४४४, ९८५७६२१३४१
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कास्की
फोन नं :०६१-५७००८२, ९८५६०४९९६६, ९८५६००४८८८

..............
किरण सिग्देल